बैठक संख्याः ५/२०८२ (आ.व.२०८१/०८२)

सम्वत् २०८२ साल जेष्ठ १८ गते, नेपाल सम्वत् ११४५ तछलाथ्व ६, आईतबार जिल्ला प्रशासन कार्यालय, रसुवाको सभाहलमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्री अर्जुन पौडेलको अध्यक्षतामा देहायका सरोकारवालाहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), रसुवाको बैठक बसी निम्नानुसारका निर्णयहरू गरियो।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

<u>विशेष उपस्थितिः</u>

श्री अशोक कुमार घिमिरे — प्रमुख — जिल्ला समन्वय समिति, रसुवा

<u>उपस्थितिः</u>

| जिल्ला समितिः | | | | |
|---|---|---|---|---|
| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
| | श्री अर्जुन पौडेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | अध्यक्ष |
| | श्री बिजय लामा | उप-प्रमुख | जिल्ला समन्वय समिति, रसुवा | सदस्य |
| | श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका, रसुवा | सदस्य |
| | श्री बुचुङ तामाङ | अध्यक्ष | आमाछोदिङ्मो गाउँपालिका, रसुवा | सदस्य |
| | श्री माधव प्रसाद अर्याल | अध्यक्ष | उत्तरगया गाउँपालिका, रसुवा | सदस्य |
| | श्री हरिकृष्ण देवकोटा | अध्यक्ष | कालिका गाउँपालिका, रसुवा | सदस्य |
| | श्री नुर्वु स्याङ्वो घले | अध्यक्ष | नौकुण्ड गाउँपालिका, रसुवा | सदस्य |
| | श्री प्रध्युम्न प्रसाद गौतम | प्रमुख सेनानी/गणपति | श्री श्रीनाथ गण, ब्राबल ब्यारेक, रसुवा | सदस्य |
| | श्री हेम बहादुर शाही | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा | सदस्य |
| | श्री रामहरि खड्का | स.प्रहरी नायब उपरीक्षक | स.प्र.ब. नेपाल नं. २० गुल्म हे.क्वा. , रसुवा | सदस्य |
| | श्री मोहन प्रसाद आचार्य | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रसुवा | सदस्य |
| | श्री शम्भु तामाङ | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय, रसुवा | सदस्य |

## जिल्ला समिति:

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री गणेश प्रसाद तिवारी | संरक्षण अधिकृत | लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय | सदस्य |
| | डा. अचुत पौडेल | मेडिकल सुपरिटेन्डेन्ट | रसुवा अस्पताल, रसुवा | सदस्य |
| | श्री पेम्वा छिरिङ तामाङ | सभापति | नेपाली काँग्रेस, रसुवा | सदस्य |
| | श्री उद्धव रिजाल | प्रतिनिधि | ने.क.पा.(एमाले), रसुवा | सदस्य |
| | श्री | | ने.क.पा.(माओवादी केन्द्र), रसुवा | सदस्य |
| | श्री मान बहादुर तामाङ | अध्यक्ष | राष्ट्रिय स्वतन्त्र पार्टी, रसुवा | सदस्य |
| | ई.सुवास बाँनिया | सव-डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाई विकास स.डि.का., रसुवा | सदस्य |
| | ई. धर्मराज खड्का | ईन्जिनियर | पूर्वाधार विकास कार्यालय, रसुवा | सदस्य |
| | ई. दिप राज बस्नेत | ईन्जिनियर | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| | श्री झम प्रसाद आचार्य | कार्यालय प्रमुख | जनस्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| | ई. विशाल भण्डारी | ईन्जिनियर | सडक डिभिजन, नुवाकोट | सदस्य |
| | ई.कुमार विक्रम पराजुली | ईन्जिनियर | गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट | सदस्य |
| | ई.उत्तमराज जोशी | ईन्जिनियर | सघन शहरी तथा भवन निर्माण आ., धादिङ (फिल्ड कार्यालय, रसुवा) | सदस्य |
| | ई. गुञ्जमान तामाङ | कार्यालय प्रमुख | ने.वि.प्रा., रसुवा वितरण केन्द्र, रसुवा | सदस्य |
| | लालकाजी लामा<br>श्री नारायण राज श्रेष्ठ | (लेखापाल)<br>कार्यालय प्रमुख | नेपाल टेलिकम, रसुवा | सदस्य |
| | श्री बाबुलाल तामाङ | सभापति | नेपाल रेडक्रस सोसाइटी, रसुवा जिल्ला शाखा | सदस्य |
| | श्री हेमनाथ खतिवडा | अध्यक्ष | गैरसरकारी महासंघ, रसुवा | सदस्य |
| | श्री केशव प्रसाद पौडेल | अध्यक्ष | नेपाल पत्रकार महासंघ, रसुवा | सदस्य |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## जिल्ला समिति:

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री सुकसाङ तामाङ | अध्यक्ष | उद्योग वाणिज्य महासंघ, रसुवा | सदस्य |
| [signature] | श्री द्रुव प्रसाद अधिकारी | स.प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | सदस्य सचिव |
| | सञ्जीव आचार्य | अध्यक्ष | रसुवा चेम्बर अफ कमर्स | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## अन्य उपस्थिति:

| हस्ताक्षर | नाम, थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| [signature] | ~~श्री दुतेन्द्र चाम्लिङ~~ केशव [illegible] | नि. प्रमुख प्रशासकीय अधिकृत | गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालय |
| [signature] | श्री विकाश शर्मा रिजाल | प्रमुख प्रशासकीय अधिकृत | आमाछोदिङ्मो गाउँ कार्यपालिकाको कार्यालय |
| [signature] | श्री भुवन ढुंगाना | विपद् फोकल पर्सन | कालिका गाउँ कार्यपालिकाको कार्यालय |
| [signature] | श्री बलराम न्यौपाने | विपद् फोकल पर्सन | उत्तरगया गाउँ कार्यपालिकाको कार्यालय |
| [signature] | श्री खड्क चौधरी | सूचना प्रविधि अधिकृत | नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय |
| [signature] | श्री विप्लव खड्का | Asst Manager | माथिल्लो त्रिशुली १ जलविद्युत आयोजना (२१६ मे.वा.) |
| [signature] | श्री टिका पौडेल | प्रशासन प्रमुख | रसुवागढी जलविद्युत आयोजना (१११ मे.वा.) |
| | श्री ज्ञानेन्द्र न्यौपाने लेकाली | वरिष्ठ पत्रकार | राष्ट्रिय समाचार समिति |
| [signature] | श्री गीता न्यौपाने | स्टेशन म्यानेजर | लाङटाङ रेडियो ९०.३ मे.ह. |
| [signature] | श्री सरस्वती न्यौपाने | सम्वाददाता | त्रिशुली प्रवाह |
| [signature] | श्री गंगा मिजार | सम्वाददाता | रेडियो रसुवा |
| [signature] | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| [signature] | श्री प्रदीप भण्डारी | सि. इन्जिनियर | रसुवागढी जलविद्युत आयोजना |
| [signature] | श्री यम बहादुर [illegible] | इन्जिनियर | // |

निर्णयहरू:

१. मनसुन पूर्वतयारी तथा प्रतिकार्य जिल्ला कार्ययोजना, २०८२ प्रस्तुतीकरण भयो। कार्ययोजना उपर सरोकारवाला निकायहरूको पृष्ठपोषण प्राप्त भयो। प्राप्त पृष्ठपोषणलाई कार्ययोजनामा समावेश गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने।

२. राजमार्ग (सडक) मा हुने अवरोध हटाउने सम्बन्धी जिल्लास्तरीय कार्ययोजना, २०८२ प्रस्तुतीकरण भयो। कार्ययोजना उपर सरोकारवाला निकायहरूको पृष्ठपोषण प्राप्त भयो। प्राप्त पृष्ठपोषणलाई कार्ययोजनामा समावेश गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने।

३. यस वर्षको मनसुनमा अत्याधिक वर्षा हुने प्रक्षेपण भएकोले मनसुनजन्य विपद्द्वारा हुनसक्ने बाढी, पहिरो तथा डुवानजस्ता प्रकोपका कारण हुनसक्ने सम्भावित विपद् तथा सडक अवरोधलाई तत्काल हटाई राजमार्ग/सडक/पद मार्गहरू सुचारु गर्न देहाय बमोजिमको सडकखण्डको लागि सम्बन्धित स्थानीय तहले स्थानीय विपद् व्यवस्थापन समिति (LEOC) को बैठक राखी आवश्यक पूर्वतयारीका कार्य गर्ने। एवम् उक्त सम्भावित विपद्को प्रतिकार्यका लागि निम्नानुसारका निकायहरूलाई देहाय जिम्मेवारी साथ सम्पादन गर्ने गरी मिति २०८२।०२।२५ गतेसम्म पूर्वतयारीका सम्पूर्ण कामहरू सम्पन्न गरी सक्न अनुरोध गर्ने:

| क्र.सं. | सडकखण्ड | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १. | बेत्रावती-मैलुङ-स्याफ्रुवेशी सडकखण्ड | •उत्तरगया गाउँपालिका<br>•गल्छी त्रिशुली मैलुङ-स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट | •त्रिशुली ३ए जलविद्युत आयोजना<br>•माथिल्लो मैलुङ जलविद्युत आयोजना<br>•त्रिशुली ३बि जलविद्युत आयोजना<br>•माथिल्लो त्रिशुली-१ (२१६ मे.वा.) जलविद्युत आयोजना<br>•तुंदी कन्सट्रक्शन प्रा.लि. |
| २. | स्याफ्रुवेशी-रसुवागढी सडकखण्ड | •गोसाईकुण्ड गाउँपालिका<br>•गल्छी त्रिशुली मैलुङ-स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट | • Xizang-Tianlu Co. Ltd.<br>• लाङटाङ खोला जलविद्युत आयोजना<br>• रसुवागढी जलविद्युत आयोजना<br>• रसुवा-भोटेकोशी जलविद्युत आयोजना |
| ३. | पासाङल्हामु राजमार्ग अन्तर्गत बेत्रावती-कालिका-राम्चे-ठाडे-धुन्चे सडकखण्ड | •सडक डिभिजन, नुवाकोट<br>•यान्त्रिक कार्यालय, नुवाकोट<br>•उत्तरगया गाउँपालिका<br>•कालिका गाउँपालिका<br>•गोसाईकुण्ड गाउँपालिका | • China Jiangsu International Economic and Technical Co-Operation Group Ltd. (निलकण्ठ नमूना मा.वि. विद्यालय निर्माण कम्पनी)<br>•दावा/कामख्य/धुम जे.भी.(पासाङल्हामु राजमार्ग निर्माण कम्पनी) |
| ४. | पासाङल्हामु राजमार्ग अन्तर्गत धुन्चे-बाह घुम्ती-सानो भार्खु-मिड प्वाईन्ट (गोसाईकुण्ड) कि.मी. सडकखण्ड | •सडक डिभिजन, नुवाकोट<br>•गोसाईकुण्ड गाउँपालिका | • लाङटाङ खोला जलविद्युत आयोजना<br>• चिलिमे जलविद्युत कम्पनी लि.<br>• रसुवा-भोटेकोशी जलविद्युत आयोजना |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

| क्र.सं. | सडकखण्ड | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| ५. | जिरो(उत्तरगया) कि.मी.-अम्बाससम्म सडकखण्ड | •नौकुण्ड गाउँपालिका<br>•पूर्वाधार विकास कार्यालय, रसुवा | •हिमडुङ थोकर निर्माण सेवा |
| ६. | अम्बास-भोर्ले-पाच्र्याङ-यार्सा सडकखण्ड | •नौकुण्ड गाउँपालिका<br>•पूर्वाधार विकास कार्यालय, रसुवा | •रसुवा हाईड्रोपावर |
| ७. | कालिका घुम्तीबजार-जिबजिबे-भोर्ले-लाङबु-थाङदोर-सिङमन्दी सडकखण्ड | •कालिका गाउँपालिका<br>•नौकुण्ड गाउँपालिका | •China Jiangsu International Economic and Technical Co-Operation Group Ltd. (निलकण्ठ नमूना मा.वि. विद्यालय निर्माण कम्पनी)<br>•रसुवा हाईड्रोपावर<br>•बेत्रावती हाईड्रोपावर |
| ८. | स्याउबारी-लोकिल-यार्सा सडकखण्ड | •कालिका गाउँपालिका<br>•नौकुण्ड गाउँपालिका<br>•सडक डिभिजन, नुवाकोट | •धुलिखेल निर्माण सेवा |
| ९. | शान्तिबजार-डाँडागाउँ-ठूलोगाउँ सडकखण्ड | •उत्तरगया गाउँपालिका | •माथिल्लो त्रिशुली १ जलविद्युत आयोजना (२१६ मे.वा.)<br>•माथिल्लो मैलुङ जलविद्युत आयोजना |
| १०. | माथिल्लो त्रिशुली १ जलविद्युत आयोजनाको डयाम साईट-हाकु वेशी-ठूलो हाकु | •आमाछोदिङमो गाउँपालिका | •माथिल्लो त्रिशुली १ जलविद्युत आयोजना (२१६ मे.वा.) |
| ११. | माथिल्लो त्रिशुली १ जलविद्युत आयोजनाको अडिट ३-तिरु-गोगने सडकखण्ड | •उत्तरगया गाउँपालिका | •माथिल्लो त्रिशुली १ जलविद्युत आयोजना (२१६ मे.वा.) |
| १२. | बनुवा डाँडा-कर्मी डाँडा-कालिकास्थान सडकखण्ड | •उत्तरगया गाउँपालिका<br>•पूर्वाधार विकास कार्यालय, रसुवा | •त्रिशुली ३बि जलविद्युत आयोजना<br>•वागेश्वरी रत्न जे.भि. |
| १३. | रुँगा-खान्जिम-शेर्पागाउँ सडकखण्ड | • गोसाईकुण्ड गाउँपालिका | - |
| १४. | सानो भार्खु- ब्राबल ठूलो स्याफ्रु | •गोसाईकुण्ड गाउँपालिका | • लाङटाङ जलविद्युत आयोजना<br>• चिलिमे जलविद्युत कम्पनी लि. |
| १५. | लिङलिङ-बृद्धिम-खान्जिम-सडकखण्ड | • गोसाईकुण्ड गाउँपालिका | •रसुवागढी जलविद्युत कम्पनी |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

| क.सं. | सडकखण्ड | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १६. | रुँगा-थुमन सडकखण्ड | • गोसाईकुण्ड गाउँपालिका | लाङटाङ भोटेकोशी जलविद्युत आयोजना |
| १७. | रुँगा-चिलिमे सडकखण्ड | • आमाछोदिङमो गाउँपालिका<br>• पूर्वाधार विकास कार्यालय, रसुवा | • चिलिमे त्रिशुली २२० के.भि. प्रसारण लाईन<br>•नव जानुका देवी कन्सट्रकशन एण्ड सप्लायर्स |
| १८. | थाम्वुचेत-गोल्जुङ-गत्लाङ सडकखण्ड | •आमाछोदिङमो गाउँपालिका<br>•पूर्वाधार विकास कार्यालय, रसुवा | • चिलिमे त्रिशुली २२० के.भि. प्रसारण लाईन<br>• साञ्जेन जलविद्युत कम्पनी लि.<br>•नव जानुका देवी कन्सट्रकशन एण्ड सप्लायर्स |
| १९. | स्याफ्रुवेशी–बाहुन डाँडा सडकखण्ड | • गोसाईकुण्ड गाउँपालिका | •साञ्जेन जलविद्युत कम्पनी लि.<br>•सोमदाङ खोला जलविद्युत आयोजना<br>•चिलिमे जलविद्युत कम्पनी लि. |
| २०. | बाहुन डाँडा-स्यो-ग्रे-नेसिङ सडकखण्ड | •आमाछोदिङमो गाउँपालिका | चिलिमे त्रिशुली २२० के.भि. प्रसारण लाईन |
| २१. | स्याफ्रुवेशी –थाम्वुचेत-गत्लाङ-मानचेत-सोमदाङ सडकखण्ड | • आमाछोदिङमो गाउँपालिका<br>• पूर्वाधार विकास कार्यालय, रसुवा | •साञ्जेन जलविद्युत कम्पनी लि.<br>•सोमदाङ खोला जलविद्युत आयोजना<br>•लाङटाङ भोटेकोशी जलविद्युत आयोजना |
| २२. | थाम्बुचेत-ग्राप्चे-तेतान्चे-सिम्बु-तिलोचेत सडकखण्ड | आमाछोदिङमो गाउँपालिका | साञ्जेन जलविद्युत कम्पनी लि. |
| २३. | पाजुङ-गोङगाङ-तातोपानी सडकखण्ड | आमाछोदिङमो गाउँपालिका | •साञ्जेन खोला जलविद्युत आयोजना (७८ मे.वा.)<br>•येल्लो रिभर कम्पनी लि. |
| २४. | धुञ्चे-खोदोल सडकखण्ड | गोसाईकुण्ड गाउँपालिका | • माथिल्लो त्रिशुली १ जलविद्युत आयोजना (२१६ मे.वा.) |
| २५. | गोसाईकुण्ड पदमार्ग | गोसाईकुण्ड गाउँपालिका | - |
| २६. | लाङटाङ पदमार्ग | गोसाईकुण्ड गाउँपालिका | - |

४. विपद्जन्य कार्य (पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापना) को सम्भाव्यता आंकलन व्यवस्थापन एवम् अनुगमनका लागि भौगोलिक सन्नीकटता हुने गरी कार्यालयको वजेट र लागत बमोजिम सबै पालिकाहरूले लागत साझेदारीमा २ थान बारुणयन्त्र, हरेक पालिकाले ड्रोन र विपद् व्यवस्थापन अन्य औजारहरू खरिद गरी सञ्चालनमा ल्याउने।

५. २०७२ सालको भूकम्पबाट पूर्ण क्षति भएको बालमन्दिर प्राङगनमा रहेको स्टेज प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम पुनः निर्माणका लागि गोसाईकुण्ड गाउँपालिकालाई अनुरोध गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

६. श्री श्रीनाथ गण, ब्राबल ब्यारेकको आयोजनामा मनसूनजन्य विपद् प्रतिकार्यमा आधारित जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपाल, नं. २० गुल्म हे.क्वा. सहितको (Integrated Simulation Exercise) अभ्यास मनसुन -५ उत्तरगया गाउँपालिका वडा नं. ४ पहिरेवेशीमा निम्नानुसारका मितिमा सञ्चालन गर्नेः

निम्नः

| क्र.सं. | मिति | विवरण |
|---|---|---|
| १. | २०८२।०२।२१ | सम्पूर्ण सरोकारवाला निकायसँग (Table Top Exercise-TTX) |
| २. | २०८२।०२।२२-२७ गतेसम्म | फौज एकीकृत तथा (Field Training Exercise-FTX) अभ्यास पूर्वतयारी |
| ३. | २०८२।०२।२८ | अभ्यास/पर्दशनी ईलाकामा पूर्व-अभ्यास |
| ४. | २०८२।०२।३० | अभ्यास सञ्चालन |

७. श्री सशस्त्र प्रहरी बल, नेपालको विपद् उद्धार सम्बन्धी सांगठनिक नीति अनुसार जिल्लामा रहेका सम्पूर्ण वडाहरूमा २५ जनाको समुदाय विपद् सुचकहरूको समूह गठन, विपद् सुचकहरूलाई सचेतनामूलक प्रशिक्षण सेमुलेसन अभ्यासहरूमा सहभागी गराउनको लागि विपद् सुचकहरूको समूह गठनको लागि सशस्त्र प्रहरी बल, नेपाल नं. २० गुल्म हे.क्वा. रसुवाले नेपाली सेना श्री श्रीनाथ गण, जिल्ला प्रहरी कार्याल रसुवा, स्थानीय तहहरू र वडा कार्यालयहरूको समन्वयमा विपद् सुचकहरूको समूह गठन गर्ने र क्रमश सचेतनामूलक प्रशिक्षण प्रदान गर्ने।

८. विपद्को समयमा हुनसक्ने विद्युत अवरोधलाई शीघ्र समाधान गरी सुचारु गर्न नेपाल विद्युत प्राधिकरण, रसुवा वितरण केन्द्र, रसुवाले सक्रियतापूर्वक सम्पूर्ण कार्य व्यवस्था मिलाउने।

९. नेपाल टेलिकमका नेटवर्क BTS Tower हरुमा City Supply बन्द हुने हुँदा सबै BTS Tower हरूमा Power Backup को व्यवस्था र गोसाईकुण्ड पदमार्ग चन्दनबारी क्षेत्रमा Signal Strength को व्यवस्था नेपाल टेलिकम रसुवाले सक्रियतापूर्वक सम्पूर्ण कार्य व्यवस्था मिलाउने।

१०. विपद्को समयमा हेलिप्याडबाट उद्धार गर्ने प्रयोजनार्थ जिल्ला प्रशासन कार्यालय कार्यालयको गेटदेखि श्री श्रीनाथ गण, ब्राबल ब्यारेकको मूलगेटसम्म बाटोको स्तरउन्नती गरी आवस्मिक तथा रात्रीकालिन प्रयोग योग्य बनाउन प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम पूर्वाधार विकास कार्यालय, रसुवाले गर्ने।

११. आगामी मनसुनमा घट्न सक्ने बाढी/नदीजन्य विपद्को तत्काल राहतका लागि आवश्यक पर्ने ग्याविन/तारजाली प्रतिपालिका १०० थान व्यवस्थापनका लागि जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय मार्फत सम्बन्धित निकायमा अनुरोध गर्ने।

१२. रसुवा र नुवाकोट जिल्लाको सिमानामा रहेको बेत्रावती नदीमा रहेको पुरानो मोटरेवल पुल जीर्ण भएकोले जुनसुकै बेला भत्किई पासाङल्हामु राजमार्ग र गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडकखण्ड सञ्चालन अवरुद्ध भई उत्तर तर्फको व्यापार र सहज आवागमनमा कठिनाई उत्पन्न हुन सक्ने जोखिमलाई मध्यनजर गरी उक्त स्थानमा निर्णय भएको नयाँ पुल तुरुन्त सञ्चालन र बाटो विस्तारका लागि स्थानीय जनताले पाउनुपर्ने मुआब्जा सर्वोच्च अदालतबाट फैसला भए बमोजिम प्रदान गर्ने प्रयोजनका लागि गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक आयोजना, नुवाकोटले भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय मार्फत सर्वोच्च अदालतमा परेको रिटको फैसलाको पूर्णपाठ झिकाउनका लागि सम्मानित सर्वोच्च अदालतलाई सादर अनुरोध गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा